# सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५

**प्रस्तावना:** सूचना प्रविधिको विकास तथा बढ्दो प्रयोग सँगै देखिएको साइबर सुरक्षा जोखिमको पहिचान, त्यसबाट हुने असरको न्यूनीकरण र आकस्मिक साइबर सुरक्षाको व्यवस्था गर्न उपयुक्त संयन्त्रको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले,

विद्युतीय कारोवार ऐन, २०६३ को दफा ७९ को अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,—

(क) "केन्द्र" भन्नाले राष्ट्रिय सूचना प्रविधि केन्द्र सम्झनु पर्छ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ६ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(घ) "वेव—एप्लिकेशन" भन्नाले इन्टरनेटका माध्यमबाट सञ्चालन भएको सफ्टवेयर कार्यक्रम सम्झनु पर्छ।

(ङ) "वेव-सर्भिसेज" भन्नाले वेव-एप्लिकेसनको प्रयोग मार्फत सेवाग्राहीलाई प्रदान गरिने सेवा सम्झनु पर्छ।

(च) "सहायता समूह" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह सम्झनु पर्छ।

(छ) "सरकारी निकाय" भन्नाले संवैधानिक निकाय, नेपाल सरकारको मन्त्रालय, सचिवालय वा सो अन्तर्गतका कार्यालय, संवैधानिक निकाय वा सो अन्तर्गतका कार्यालय, अदालत, प्रदेश सरकार वा सो अन्तरगतका कार्यालय, स्थानीय तह र सो अन्तर्गतका कार्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकृतिका अन्य कार्यालय समेतलाई जनाउँछ।

(ज) "साइबर सुरक्षा" भन्नाले सूचना प्रविधिमा आधारित प्रणाली, नेटवर्क, तथ्याङ्क र प्रोग्रामलाई अनाधिकृत तवरले ह्रास पुर्याउने प्रयासबाट सुरक्षा गर्ने कार्य सम्झनु पर्छ।

(झ) "सार्वजनिक संस्था" भन्नाले देहायका संस्था सम्झनु पर्छः—

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्था, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(४) उपखण्ड (१), (२) वा (३) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदानप्राप्त संस्था,

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था।

(ञ) "क्षेत्रगत सहायता समूह" भन्नाले दफा ९ बमोजिमको क्षेत्रगत सूचना प्रविधि आकस्मिक सहायता समूह सम्झनु पर्छ।

३. **राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूहको गठन:** (१) साइबर सुरक्षा सम्बन्धी घटनामा तत्काल सहायताका लागि मन्त्रालयमा एक राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह रहनेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूहमा देहाय बमोजिमका सदस्य रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | सहसचिव मन्त्रालय | -संयोजक |
| (ख) | उपसचिव, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि, गृह मन्त्रालय | -सदस्य |
| (ङ) | प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | -सदस्य |

(च) प्रतिनिधि, सूचना प्रविधि विभाग -सदस्य
(छ) प्रतिनिधि, प्रमाणीकरण नियन्त्रकको कार्यालय -सदस्य
(ज) प्रतिनिधि, नेपाल प्रहरी -सदस्य
(झ) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क -सदस्य
(ञ) प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरण -सदस्य
(ट) प्रतिनिधि, राष्ट्रिय सूचना प्रविधि केन्द्र -सदस्य
(ठ) उपसचिव, साइबर सुरक्षा शाखा, मन्त्रालय -सदस्य-सचिव

(३) मन्त्रालयले उपदफा (२) को खण्ड (ग) देखी (ज) सम्मका निकायबाट प्रतिनिधि माग गर्दा सम्बन्धित निकायको सूचना प्रविधिसँग सम्बन्धित विषयमा जानकार प्रतिनिधि माग गर्नु पर्नेछ।

(४) सहायता समूहमा आवश्यक पर्ने कर्मचारी मन्त्रालयले खटाउनेछ।

(५) सहायता समूहलाई आवश्यक सहयोग गर्न विषयगत विज्ञ रहनेछन्।

(६) उपदफा (५) बमोजिमका विषयगत विज्ञ प्रचलित कानून बमोजिम परामर्शदाताको रुपमा मन्त्रालयले नियुक्त गर्न सक्नेछ।

(७) सहायता समूहको सदस्यको क्षमता अभिवृद्धि गर्न निर्देशक समितिले स्वीकृत गरेको आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम मन्त्रालयले सञ्चालन गर्नेछ।

४. **<u>बैठक सम्बन्धी कार्यविधि</u>**: (१) सहायता समूहको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ।

(२) सहायता समूहले आवश्यकतानुसार सम्बन्धित क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) सहायता समूहको सचिवालयको रुपमा मन्त्रालयको साईबर सुरक्षा शाखाले काम गर्नेछ।

(४) सहायता समूहको सम्पर्क व्यक्तिको रुपमा सदस्य-सचिवले काम गर्नेछ।

**५. <u>राष्ट्रिय सहायता समूहको काम, कर्तव्य र अधिकार</u>**: सहायता समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मानवीय तथा प्राकृतिक कारणले हानी नोक्सानी पुगी राष्ट्रिय सुरक्षा, अर्थव्यवस्था, अत्यावश्यक सेवा, आकस्मिक सेवा, स्वास्थ्य वा सार्वजनिक सुरक्षासँग सम्बन्धित सूचना प्रविधि प्रणाली सञ्चालन बन्द भएमा यथाशीघ्र सो प्रणालीलाई पुनः सञ्चालनमा ल्याउन सहायता गर्ने,

(ख) नेपालभित्र साइबर सुरक्षाको अवस्थाको निरन्तर अनुगमन गर्ने तथा केन्द्रको सञ्चालन प्रभावकारी रुपमा गर्न आवश्यक निर्देशन दिने,

(ग) साइबर सुरक्षा सम्बन्धी घटनाहरुको लागि चौबीसै घण्टा उपलव्ध हुने गरी सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने,

(घ) साइबर सुरक्षा सम्बन्धी घटनाको विस्तृत अध्ययन तथा विश्लेषण गरी सम्बन्धित निकाय वा व्यक्तिलाई जानकारी गराउने तथा सोको समाधानको लागि सहजीकरण गर्ने,

(ङ) आवश्यकता अनुसार विषयगत तथा क्षेत्रगत सहायता समूहलाई निर्देशन दिने तथा सहजीकरण गर्ने,

(च) साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने वा गराउने,

(छ) समान प्रकृतिका काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको सम्पर्क बिन्दुको रुपमा काम गर्ने,

(ज) क्षेत्रगत सहायता समूहको काम कारबाहीको अनुगमन गरी निर्देशक समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(झ) क्षेत्रगत सहायता समूहको गठन, कार्यक्षेत्र र सञ्चालन सम्बन्धी कार्यविधि बनाई निर्देशक समिति समक्ष पेश गर्ने,

(ञ) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

६. **<u>निर्देशक समितिः</u>** (१) सहायता समूहको काम कारबाहीको अनुगमन गर्न तथा आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय संयोजक
(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य
(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य
(ङ) सहसचिव, गृह मन्त्रालय -सदस्य

(च) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(छ) अध्यक्ष, नेपाल दुरसञ्चार प्राधिकरण -सदस्य

(ज) महानिर्देशक, सूचना प्रविधि विभाग - सदस्य

(झ) नियन्त्रक, प्रमाणीकरण नियन्त्रकको कार्यालय -सदस्य

(ञ) कार्यकारी निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र -सदस्य

(ट) सूचना प्रविधि सम्बन्धी विज्ञहरुमध्येबाट मन्त्रालयले नियुक्ति गरेका एक जना महिला सहित दुई जना -सदस्य

(ठ) सहसचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ट) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः एकपटक नियुक्ति हुन सक्नेछ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) को खण्ड (ट) बमोजिमका सदस्यले बैठकमा भाग लिए बापत नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम बैठक भत्ता पाउनेछ।

७. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय सहायता समूहको सञ्चालन गर्न आवश्यक नीति तथा रणनीति बनाउने,

(ख) राष्ट्रिय सहायता समूह तथा क्षेत्रगत सहायता समूहको काम कारबाहीको नियमित अनुगमन गर्ने,

(ग) साइबर सुरक्षाको लागि आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(घ) राष्ट्रिय सहायता समूहको कामको सन्दर्भमा आएका समस्या निराकरणको लागि समन्वय र सहजीकरण गर्ने,

(ङ) राष्ट्रिय सहायता समूहलाई आवश्यक निर्देशन दिने,

(च) राष्ट्रिय सहायता समूहले पेश गरेको कार्यविधि स्वीकृत गर्ने,

(छ) नेपाल सरकारले तोकेका अन्य कार्यहरु गर्ने।

८. **<u>राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रको व्यवस्था</u>**ः (१) राष्ट्रिय साइबर सुरक्षाको अनुगमनका लागि सहायता समूहको सहमतिमा नेपाल सरकारले राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रले देहाय बमोजिमका विषयको अनुगमन गर्नेछः–

(क) निर्देशक समितिले तोकेको संवेदनशील सूचना तथा सञ्चार पूर्वाधारमा हुन सक्ने सुरक्षा चुनौति तथा खतरा सम्बन्धी,

(ख) सरकारी वेवसाइट, वेव—एप्लिकेशन तथा वेव-सर्भिसेज तथा निर्देशक समितिले तोकेको अन्य महत्वपूर्ण वेवसाइट, वेव—एप्लिकेशन तथा वेव-सर्भिसेजमा हुन सक्ने सुरक्षा चुनौति तथा खतरा सम्बन्धी,

(ग) कुनै व्यक्ति तथा संस्थाले अनुरोध गरे बमोजिम निजको सूचना तथा सञ्चार प्रविधि प्रणाली सम्बन्धी,

(घ) नेपालभित्र रहेका सूचना प्रविधि प्रणालीमा हुनसक्ने सम्भावित क्षति वा आक्रमणको बारे पूर्वसूचना सम्बन्धी,

(ङ) निर्देशक समितिले तोकेका अन्य विषय।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा साइबर सुरक्षा सम्बन्धी घटना घटेको वा घट्ने सम्भावना देखिएमा राष्ट्रिय सहायता समूहले तत्कालै आवश्यक सुरक्षा व्यवस्थाको लागि सम्बन्धित निकाय वा क्षेत्रगत सहायता समूहलाई आवश्यक सुझाव सहितको निर्देशन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित निकाय वा क्षेत्रगत सहायता समूहले आवश्यक सुरक्षा व्यवस्था गर्न नसक्ने अवस्था भएमा राष्ट्रिय सहायता समूहले प्राविधिक सहयोग प्रदान गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम सुरक्षा व्यवस्था गर्दा राष्ट्रिय सहायता समूह र क्षेत्रगत सहायता समूहलाई सहयोग गर्नु पर्ने जिम्मेवारी सम्बन्धित निकायको हुनेछ।

(६) साइबर सुरक्षा अनुगमन केन्द्रलाई आवश्यक जनशक्तिको व्यवस्थापन राष्ट्रिय सहायता समूहको सहमतिमा केन्द्रले गर्नेछ।

(७) उपदफा (१) बमोजिम राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्र स्थापना नभएसम्म सो केन्द्रले गर्ने काम मन्त्रालयको सूचना प्रविधि महाशाखा वा मन्त्रालयले तोकेको निकायले गर्नेछ।

९. **<u>क्षेत्रगत सूचना प्रविधि आकस्मिक सहायता समूह</u>**: (१) विषयगत क्षेत्रमा सूचना प्रविधि आकस्मिक सहायताको काम गर्न निर्देशक समितिले तोकेका विषयगत क्षेत्रमा क्षेत्रगत सूचना प्रविधि सहायता समूह गठन गर्न सक्नेछ।

(२) क्षेत्रगत सहायता समूहको गठन, कार्यक्षेत्र र सञ्चालन कार्यविधिको आधारमा राष्ट्रिय सहायता समूहको सिफारिसमा निर्देशक समितिले एक क्षेत्रमा बढीमा एक क्षेत्रगत सूचना प्रविधि आकस्मिक सहायता समूहको रुपमा मान्यता दिन सक्नेछ।

(३) राष्ट्रिय सहायता समूहले उपदफा (२) बमोजिम मान्यता प्राप्त क्षेत्रगत सहायता समूहलाई सम्भव भएसम्म माग बमोजिमको प्राविधिक सहयोग उपलव्ध गराउनेछ।

(४) तथ्याङ्क (डाटा)को संरक्षण तथा गोपनीयता कायम गर्ने जिम्मेवारी सम्बन्धित क्षेत्रगत सूचना प्रविधि आकस्मिक सहायता समूहको हुनेछ।

१०. **<u>घटनाको जानकारी गराउनु पर्ने</u>**: (१) राष्ट्रिय सुरक्षा, अर्थव्यवस्था, अत्यावश्यक सेवा, आकस्मिक सेवा, जनस्वास्थ्य वा सार्वजनिक सुरक्षासँग सम्बन्धित सूचना प्रविधि प्रणालीको सुरक्षामाथि नकारात्मक असर पर्ने कुनै घटना भएको जानकारी यथाशिघ्र राष्ट्रिय वा क्षेत्रगत सहायता समूहलाई गराउने जिम्मेवारी सम्बन्धित निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा निर्देशक समितिले तोकेको ढाँचामा जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि राष्ट्रिय सहायता समूह वा क्षेत्रगत सहायता समूहले समस्या समाधानको लागि यथाशीघ्र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) साइबर सुरक्षा सम्बन्धमा आवश्यक समन्वय गर्न सबै सरकारी निकायले एक जना कर्मचारीलाई सम्पर्क अधिकृतको रुपमा काम गर्न तोक्नु पर्नेछ।

११. **<u>अन्य काम गर्ने</u>**: राष्ट्रिय सहायता समूह तथा क्षेत्रगत सहायता समूहले दफा १० बमोजिमको घटनाका सम्बन्धमा साइबर सुरक्षा सम्बन्धमा देहाय बमोजिमको काम गर्नु पर्नेछ–:

(क) प्राप्त सबै घटनाको विवरण निर्देशक समितिले तोकेको ढाँचामा राख्ने,

(ख) सहयोग सम्बन्धी काम गर्दा संस्थागत तथा व्यक्तिगत गोपनीयता कायम गर्नु पर्ने,

(ग) सहयोग सम्बन्धी काम गर्दा सम्बन्धित सूचना तथा सञ्चार प्रविधि प्रणालीमा कुनै परिवर्तन गरेको भए सो को विवरण राख्नु पर्ने,

(घ) साइबर सुरक्षा सम्बन्धी घटना घटेको कारण र घटना घटाइएको विधि वारे यथासम्भव चाँडै अनुसन्धान गरी सुझाव सहितको प्रतिवेदन सम्बन्धित निकायलाई दिनु पर्ने,

(ङ) निर्देशक समितिले तोकेको साइबर सुरक्षाको सम्बन्धमा अपनाउनु पर्ने अन्य विधि निर्धारण गर्ने।

१२. **<u>सहयोग गर्नु पर्ने</u>**: सहायता समूह तथा क्षेत्रगत सहायता समूहको काम कारबाहीमा सम्बन्धित निकाय तथा व्यक्तिले सहयोग गर्नु पर्नेछ।

१३. **<u>वाधा अड्काउ फुकाउने</u>**: यस निर्देशिकाको कार्यान्वयन गर्दा कुनै किसिमको वाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ।